आज मिति २०८० साल जेठ १८ गते यस म्यागडि गाउँपालिकाका अध्यक्ष श्री **आशा तामाङ** ज्यूको अध्यक्षतामा बसेको म्यागङ गाउँपालिका कार्यपालिकाको बैठकमा निम्नानुसार पदाधिकारी सदस्यहरुको उपस्थिति भई निम्न अनुसार निर्णय गरियो।

१. अध्यक्ष- आशा तामाङ

२. उपाध्यक्ष- सीता तामाङ

३. सदस्य- जिमा बहादुर तामाङ

४. सदस्य- सन्द विर तामाङ

५. सदस्य- हरि बहादुर तामाङ

६. सदस्य- कमल बहादुर तामाङ

७. सदस्य- जित बहादुर तामाङ

८. सदस्य- हरि कुमार तामाङ

९. सदस्य- सरु घले

१०. सदस्य- टेक राज घले

११. सदस्य- सम्झना तामाङ

१२. सदस्य- सिंगराम घले

१३. सदस्य- गंगा तामाङ

१४. सदस्य- कमला तामाङ

१५. सदस्य सचिव- श्री रमेश सिङदन (प्रमुख प्रशासकीय अधिकृत)

<u>आमन्त्रित:</u>

१. बिरेन्द्र तामाङ (सूचना प्रविधि अधिकृत)

प्रस्ताव नं. १ — यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा।

निर्णय नं. १ — म्यागङ गाउँ कार्यपालिकाको यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा एवं प्रगति सम्बन्धमा समीक्षा गरियो।

प्रस्ताव नं. २ — जग्गा उपयोग सम्बन्धमा।

निर्णय नं. २ — प्रस्ताव नं. २ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गत हाल निर्माधिन १५ शैया अस्पताल रहेको जग्गा जिल्ला नुवाकोट कल्याणपुर गा.वि.स वडा नं. ४ कित्ता नं. ११३३ क्षेत्रफल १२६-१-१-० को जग्गा श्री ५ को सरकार हाल नेपाल सरकारको नाममा दर्ता भएको पाईएकोले उक्त जग्गा यस पालिकाले उपयोग गर्ने गरी सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनिति, २०७९ को बुदाँ ४ बमोजिम श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मा निवेदन गर्ने भनी निर्णय गरियो। साथै सो जग्गाको संरक्षण एवंम् सही उपयोगको लागि यस पालिका सदैव सजग रहने समेत प्रतिबद्धता गरियो।

प्रस्ताव नं ३ — सर्वसम्मतले पारित सम्बन्धमा।

निर्णय नं. ३ - प्रस्ताव नं. ३ उपर छलफल गर्दा प्रस्तावित सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।